# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७८/०३/१७**

**आठौं अधिवेशन**

**(एक्काइसौं बैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको एक्काइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" ,बिधेयक "2077 ,**माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" ,बिधेयक "2077 ,**माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली , २०७४ को नियम १२१ को उपनियम बमोजिम प्रस्ताव प्रस्तुत गर्न (क) को खण्ड (२)बिधेयक प्रस्तुतकर्ता उद्योग वन तथा ,पर्यटन ,वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय **सुदुरपश्चिम पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक2077 ,** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम १२१ को उपनियम बमोजिम प्रस्ताव (क) को खण्ड (२) शुदुरपश्चिम प्रदेश सभामा छलफलको लागि पेश गर्दछु धन्यबाद । ,

माननीय सदस्यहरू,

अब म ,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले ”हुन्छ“भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ”हुन्न“भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“भन्नुहोस् ।

"हुन्छ“)भनेपछि(

यसको विपक्षमा हुने माननीय सदस्यहरु ”हुन्न“भन्नुहोस् ।

"हुन्न" )भनेपछि(

”हुन्न“भन्ने आवाज सुनिएन तसर्थ **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" बिधेयक ,** **"2077**माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" ,बिधेयक "2077 ,**माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम बमोजिम (८) छलफल प्रारम्भ हुन्छ। छलफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी बिधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ पा)ँच मिनेटको समय निर्धारण गरेको छु । (

**सर्वप्रथम माननीय अमर बहादुर साउँद लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश सभाको आठौं अधिवेशनको १४औं बैठकमा यो पर्यटन सम्बन्धा व्यवस्था गर्न बनेको बिधेएक हाम्रो सदनमा टेबुल भएको थियो । आज आठऔं अधिवेशनमा आएर यो बिधेयक माथि हामी पास गर्न अर्थात छलफल गर्न गैरहेका छौ । सुदुरपश्चीम प्रदेश बिशेस गरि कृषी पर्यटन र प्राकृतिक स्रोत तिनवटा यो प्रदेशका महत्वपुर्ण स्रोत हरु हुन अथवा हाम्रो सुदुरपश्चचिमको बिकासमा टेवा पुर्याउने महत्वपुर्ण बिषयहरु छन कृषिको त्यतिकै महत्व छ । त्यसपछि पर्यटनको पनि त्यतिकै महत्व र सम्भावना रहेको छ । अर्को प्राकृतिक स्रोत साधन हाम्रो तिनवटा सुदुरपश्चिम प्रदेशका अर्थतन्त्रका आधार भन्दा पनि फरक नपर्ला यो एउटा नारा पनि बिगत लामो समय देखि सुन्दर सुदुरपश्चिम भन्ने एउटा पर्यटन क्षेत्रको अर्थात सुदुरपश्चिमको महत्वपुर्ण नारा पनि छ यसलाई साच्चीकै सुन्दर बनाउनका लागी यो आज हामि सुदुरपश्चिम पर्यटन व्यवस्था गर्न बनेको बिधेयकले यो नारालाई सफल पार्ने अथवा त्यलाई झन अझै परिस्कृत गर्ने र त्यलाई परिपुर्ण गर्ने खालको हिसाब गर्न यो बिधेयक आएको छ । यो बिधेयक अर्थ बिकास समितिमा बफावार छलफल पश्चात बिभीन्न ढङ्गले पर्यटन ब्यवसाय बिभिन्न यस क्षेत्र सँग सम्बन्धित सरोकार वाला सँग अत्यन्त गहन ढङ्गले जुन अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिले छलफल गरे र केहि बुदाहरु शशोधन सहित को प्रतिवेदन सभामा पेश गरेको छ यसका लागी म मेरो ब्यक्तिगत तर्फबाट अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिका सम्पुर्ण माननीय ज्यूहरुलाई धन्यबाद दिन चाहान्छु किनभने उहाहँरुले यो बिधेयक माथि अत्यन्तै गहन ढंङगले छलफल गर्नु भयको छ । एकदम छिटो छरितो यसलाई सदनमा पास गर्नका लागि मार्गदर्शन दियको छ त्यसैले यसमा धेरै कुराहरु हामीले अग्र सल्लाअ सुझाव दिन मैलले

आवश्यक देख्दैन त्यैपनि यसमा जस्तै जल यात्री हरुला जल यात्रा गराउन सकिने नदिमा मात्र जल यात्रा गराउने भनेर यो हटाइएको बिषय यहा राखियको छ दफा ४८ को ख मा र यो हटाउनको कारण यसमा खुलायको देखियन र यो हटाइको कारण सहित आएको भए राम्रो हुन्थ्यो कि भन्ने मलाइ लागेको छ ।त्यसै गरिएउटा अर्को दफामा पनि यस्तै ९ को ङ मा गम्भिर प्रकैतिको औपचारिक कसुरमा अदालतमा मुद्दा चलिरहेको ब्यक्ति जो भनिएको छ यसमा यो पनि हटाइएको भनिएको छ यसमा पनि हटाउनको कारण खुलायको भय हामी सबैलाइ यो कारणले हटाइएको रहेछ भन्ने हामी सबैलाइ प्रस्ट हुन्थ्यो भन्ने मलाइ लाग्छ यसले सम्पुर्ण सुदुरपश्चिमको पर्यटकिय सम्भावनालाइ आउदा दिनमा हरेक क्षेत्रको बाटो वपन गरेको छ जस्तै जल यात्रा यहाको अन्य पर्यटन व्यवसाय लगायत पर्यटन सँग सम्बन्धित ब्यक्ति र व्यवसायहरुलाई आफ्नो क्षमता र आफ्नो त्यो लगाव अनुसारको आफ्ना व्यवसायलाइ हरेक क्षेत्रबाट यले बाटो खोलिदियको छ र पक्कै पनि हामीलाइ आशा छ यो बिधेयक पाश भैसकेपछि यहाँको पर्यटन क्षेत्रमा नयाँ आयाम हुने छ र यहाको पर्यटन क्षेत्रमा लाभ हुने छ र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुदुरपश्चिम प्रदेशका जुन पर्यटकिय सम्भावना रहेका ठाउहरुले पनि नयाँ काचुलि फेर्ने छ र यसबाट जनताले पनि एक खालको राहत र पर्यटनक्षेत्र बाट लिनुपर्ने जुन आर्थिक लाभ हो यो लिने छन भन्ने मैले आशा लियको छु । यति भन्दै मैले आफ्नो भनाई यहि टुङ्ग्याउछु धन्यबाद ।

**माननीय देवकी मल्ल**

माननीय सभामुख महोदय हाम्रो प्रदेशको सातौं अधिवेशनको बेला टेबुल भएको बिधेएक थियो । समितिले दफावार छलफल सहित आज हाम्रो यो आठौं अधिवेशनको २१ औं बैठकमा हामी अब पास गर्ने क्रममा गैरहेका छौ । हाम्रो प्रदेशमा हामी सबैले सोचिराखेको पर्यटनको क्षेत्रलाइ कसरि बिकाद गर्न सकिन्छ छिटो भन्दा छिटो । हाम्रो प्रदेशको आर्थिक आधार जसरि हामीले यो बिधेयकमा जल , जमिन र पर्यटनका अरु क्षेत्रहरु धार्मिक अतिथि देबो भब जो हाम्रो यो प्रदेशको एउटा महत्वुपुर्ण रहेको छ यो कुरालाइ पर्यटनको क्षेत्रमा र बिकासलाइ कसरि अगाडि बढाउन सकिन्छ भन्नाका लागि हामीलाइ बिधेयकको जरुरि थियो । कानुनको जरुरि थियो अलि ढिला भएतापनि पर्यटन सम्बन्धमा बिधेयक पास गर्दै छौ । यो प्रदेशको लागि धेरै राम्रो कुरा हो पर्यटनको क्षेत्रमा र बिकासको सवालमा हामीले अगाडि बढ्दा हाम्रो प्रदेश अगाडि बढ्दा हामीले भयको बिकासलाइ बढाउदा हामी यो स्टेप बाट माथि उठ्नाका लागि जलमा हामीले कति र्याफ्टिङ लगायतका चिजहरु अगाडि बढाउन सक्छौ । जमिनको बिषयलाइ लिएर पर्यटनको क्षेत्रमा हामीले कति जमिन प्रयोग गर्न सक्छौ । जमिनको कुरा हामी उत्पादनको कुरा जस्तो अस्ति मैले गाँजा खेतिको कुरा जोडेको थिय । गाजाँ खेति गर्दा त्यसबाट बन्ने व्यागहरु लगायतका यावत कुराहरु ति पनि पर्यटन सँग जिडिन्छ । उद्योगसँग जोडिन्छ प्रदेशको बिकास जोडिन्छ प्रदेशको आर्थिक बिकास सँग जोडिन्छ त यो यावत कुराहरुलाइ अगाडि बढाउनका लागि यो प्रदेश लाइ यो प्रदेशको सरकारलाइ र यो प्रदेशको आर्थिक समृदिमा यो बिधेयकले अत्यन्तै महत्वपुर्ण भुमिका खेल्ने छ सजिलो अगाडि बढ्ने एउटा मार्गदर्शन निर्माण गर्ने छ भन्ने कुरा राख्दै र यो

बिधेयक छिटो भन्दा छिटो पास होस राम्रो छ अशल छ दफावार छलफल भयर आएको छ समितिका सभापति र सदष्य लगायत सम्बन्धित मन्त्रालयका मन्त्री र मन्त्रालयको सचिव र बिज्ञहरुको छलफलबाट तयार भयर आएको हुदाखेरि हेर्दा पढ्दा अत्यन्तै राम्रो छ भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय डिल्लीराज पन्त**

माननीय सभामुख महोदय, सुदुरपश्चिम पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेएक शंशोधन सहित सभामा पेश भएको छ ढिलै भएपनि सम्बन्धित मन्त्री तथा मन्त्रालयलाइ धन्यबाद दिन पर्छ । हाम्रो देश हाम्रो प्रदेश पर्यटनका लागि यसको गन्तवयका लागि धेरै महत्वपुर्ण स्थान हो । पर्यटनका धेरै आयाम रहेका छन । धेरै ठाउमा पर्यटनका सम्भावनाहरु हामी देख्छौ ।धार्मिक पर्यटनआर्थिक , बन पर्यटन प्राकृतिक सौन्दर्यका पर्यटन लगायत धेरै पर्यटनका सम् ,पर्यटनभावनाहरु हाम्रो प्रदेश ले बोकेको छ यो बिधेयकले पास भएपछि हाम्रो प्रदेशमा पर्यटनको बिकासले अलि गति लिने छ भन्ने बिश्वास गर्नु पर्छ धेरै देशहरु उद्योगको कारणले धेरै देशहरु पर्यटनकोकारणले अगाडि बढेका छन केहि दिन यस्ता छन जो पर्यटनमा मात्र भर परेकका छन सिङ्गापुर एउटा देश हो कैलाली भन्दा ठुलो छैन पर्यटनकोकारणले मात्र देश चलेको छ । दुबै पनि एउटा यस्तो देश हो ३०बर्ष अगाडि त्यहा ३५/ मरुभुमि मात्र थियो अहिले संसारको सबभन्दा ठुलो गन्तव्य स्थल बनेको छ स्विजरल्याण्ड आफैमा केको देश हो हाम्रो प्रदेश पनि एएउटा सौन्दर्य बोउटा मरुभुमि नभयको ठाउ हो अन्यथा पर्यटनको लागि उर्बर भुमि हो यो बिधेएकले पर्यटन बिकासका लागि चाडो भन्दा चाडो हाम्रो सरकारले प्रयास गर्ने छ भन्ने धेरै क्षेत्रहरु हामिकहाँ यस्ता छन जो अहिले देखि पर्यटकिय क्षेत्र छन र केहि हाम्रा प्रयासहरुले नयाँ पर्यटकिय स्थलहरु पनि हामी बनाउन सक्छौ । म एक चोटि शिंगापुर जाँदाखेरि त्यहाका एउटा पेलेट फम मा केहि पनि तयारि गरेको थियन अहिले चार तला माथिबाट ठुलो झर्ना बनेको छ तयो झर्ना तल आएर सिसैसिसामा अझै तल आएर तल गयको छ त्यो यति राम्रो पर्यटकिय स्थल बनेको छ त्यहा रेल पनि हिड्ने मान्छे पनि हिड्ने यति रमणिय बनेको छ त्यसैले हाम्रो ठाउमा यति रमणिय क्षेत्रहरु रहेका छन त्यो त छँदै छन त्यो बाहेक अरु नयाँ नयाँ पनि बनाउन सकिन्छ धेरै सम्भावना हरु बोकेको हो र यो बिधेयक पाश भयपछि लागु भयपछि यले द्रुत गतिले काम गरोस भन्ने म चाहान्छु बिश्वास पनि गर्न चाहान्छु तर यस बाहेक समितिले भएर आएको बिधेयक छ पुर्वबक्ता माननीयहरुले केहि कुरा राख नु भयको छ म त्यलाइ दोहोर्याउन चाहादेन ता पनि त्यो\बिधेयकमा मैले एउटा कुरा नजानेर हो कि के हो ,रुपिया १००० ,रुपिया १०० यसमा ?२००० रुपिया तोकेर लेखिदियको छ धेरै ठाउमा यस्तो गरेको छ निवेदन दियको खण्डमा यो निबेदन दिएमा १०० रुपिया लेखेमा ईजाजत पाइने छ त्यो १०० रुपिया पनि बिधेयकले किन लेख्नुपर्यो ? रुपिया लिनुपर्छ दिनुपर्छ भनेर त्यसमा लेख्ने हो र त्यो त कार्यबिधिमा लेखे हुन्छ नियमावलीमा उल्लेख गरे हुन्छ एउटा १०० रुपियाको कारणले भोलि यो पुरा बिधेयकलाइ सदनमा राखेर पाश गर्नु पर्ने हुन्छ त्यो भन्दा त यलाइ नियमावली राखिदिएको भए राम्रो हुन्थ्यो जस्तो मलाइ लाग्छ धेरै छन परिच्छेद २ को आठौंमा २ मा

धेरै छन अन्तिम अनुसुचि सम्मछन यिनि एक महिनामा १०० रुपिया दण्ड गर्ने २ महिनामा २०० रुपिया दण्ड गर्ने यो बिधेएकले बोल्ने होइन त्यो त संविधानले सुत्केरि भत्ता यति पाउने मृत्यु दर्ता यति लिने भनेर त्यो संविधानले तोक्या जस्तो लाग्यो मलाइ त यो नगर्दा राम्रो होला बिधेयकले प्रारम्भिक कुराहरु नितीहरु सिद्धान्तका कुराहरु गर्ने हो यो रुपिया तोकेर भन्न सायद यो बिधानले राम्रो नहोला कि भन्ने मलाइ लाग्छ । धेरै कुराहरु यसमा दियको छ गाइडको लागि यात्रा का लागि रिभर साइडको लागि यो पथ पर्दर्शकका लागि प्रमाण पत्र पेश गर्नुपर्ने हुन्छ उसका यो यो कुरा गरेको हुनुपर्छ भन्ने छ तर यो रिभर गाइडका लागि केहि पनि छैन यो उल्लेख भयको कहाबाट प्रमाण पत्र लिने त्यसको क्वालिफिकेसन के हुने त्यो रिभर गाइडका लागि उल्लेख भयको देखियन त्यो गर्दा खेरि राम्रो हुन्थ्यो कि भन्ने लाग्यो र यो अहिले हामीले थप गर्दा खेरि धारा २१ को ण थप गरेका छौ । ण मा हामीले के लेखेका छौ भन्दा खेरि कुक लाइ नेपालीमा लेख्दा खेरि मान्छे लेख्या हिजो सभापतिले पढ्दाखेरि मान्छे नै सुने मैले त्यो मान्छे हो कि भान्छे हो यो क्लिएर भएन र यलाइ भान्छे पनि भन्दैन यलाइ दक्ष कामदार लेख्दा राम्रो होला यहा मान्छे राखेर पनि हुदैण भान्छे राखेर पनि हुदैन । यहा दक्ष कामदार राख्दा राम्रो होला भन्ने मलाइ लाग्छ तर अहिले यो बिबिधमा त्यो सरकारले समिति गठन गर्न सक्ने छ भन्ने कुरा यसमा लेखेको छ यसमा त्यति ठुलो अब्जेकक्सन त छैन तर घोषणा गरेको क्षत्र संवर्द्धन बिकास गर्न मन्त्रालयले आवश्यक पर्ने समितिहरु गठन गर्न सक्ने छ लेखेको छ लेखेको छ अरु समितिहरु भन्नाले यहा एउटा मात्र समिति भन्ने आयो अरु समिति गठन गर्ने छ पनि भन्देको भए आवश्यक पर्ने पर्यटन बोर्ड लगाएत अरुमा पनि हामी समितिहरु खोल्न सक्थ्यौ भन्ने मलाइ लागेको छ र अर्को यो बिधेयकको नाम ७७ राखेको छ ७८ मा पास भैराखेको छ यलाइ ७८ बनाउदा कस्तो होला भन्ने कुरा राख्दै बिदा हुन्छ धन्यबाद ।

**माननीय मालामती कुमारी राना थारु**

माननीय सभामुख महोदय, आज हामी **सुदुरपश्चिम पर्यटन व्यवस्था सम्बन्धमा बनेको बिधेयक २०७७** दफावार छलफल गरिरहेका छौ । प्राकतिक स्रोत समितिका माननीयहरुले धेरै मिहेनतका साथ दफावार छलफल गरेर ल्याउनु भएको छ म सम्पुर्ण माननीय ज्युहुलाइए धन्यबाद दिन चाहान्छु । र अहिले सम्म सुदुरपश्चिममा एउटा मनपरि ढङ्गले जुन बजेट कुम्ल्याउने काम भयको थियो र आज २०७८ र ७९ को आर्थिक बर्षमा साहेद मलाइ लाग्छ कि सुदुरपश्चिमका जनता सरकारलाइ बाडिएको छ अब यो एउटा कानुन हो यसमा टेकेर सायद सुदुरपश्चिम प्रदेश सरकारका जनताहरुले अगाडि बढ्ने छन र मलाइ लाग्छ अब सुदुरपश्चिम प्रदेश एउटा बिकासको नाममा बिनाश हुने छैन अहिले सम्म बिकासको नाममा बिनाश भएको हामीले देखेका थियौ त्यै पनि कानुन बन्दा बन्दै पनि जनताहरु एउटा यस बजेटमा जनताको मन्दिर र गुठिहरु मन्दिर एउटा संस्था दर्ता छ गुठिहरुको नाममा २ लाख ५ लाख बजेट छुट्याइएको छ मैले हेर्दाखेरि रेडबुकमा हाम्रा माननीय अर्थमन्त्री ज्यूको कुल देवताकोलागि १ करोड बजेट छुट्युको छ । यो कानुनले कुल देवताको लागि बाड्ने छ कि छैन कुल देवताको लागि यो बिधेएकले कानुन लागु हुने छ कि छैन अब हेर्नमा बाकि छ त्यसकारणले माननीय सभामुख

महोदय माननीयहरुले सुझाव दिनु भएको छ उहाहरुको समर्थन गर्दै क्रम संख्या २ को क मा मैले जानेर हो नजानेर हो मेरो सुझाव हो स्थानीय तह भन्नाले गाउपालिका र नगरपालिकालाइ सम्झनुपर्छ भन्ने हाम्रो सरकारबाट आएको छ र हामीले समितिको तर्फबाट दफावार छलफलमा स्थानीय तह भन्नाले गाउपालिका नगरपालिका तथा जिल्ला ,सभालाइ सम्झनुपर्छ भन्ने छलफल भएर आएको छ हाम्रै सुदुरपश्चिममा मलाइ लाग्छ एउटा उपमहानगरपालिका पनि छ भोलिका दिनमा यसले काम गर्दा खेरि असहज नहोस भोलिको दिनमा हामि काम गर्दा खेरि हामी कानुन निर्माण गरिरहेका छौ कानुन निर्माण गर्दा खेरि तपाइको नगरपालिकागाउपालि ,का र जिल्ला सभा हुने छ कामगर्दा खेरि नगरपालिका छैन उपमहानगरपलिका छैन भोलि सुदुरपश्चिम प्रदेश महानगरपालिका पनि बन्न सक्छ महानगरपालिका यदि बन्यो भने काम गर्दा उपमहानगरपालिका उल्लेख नै छैन । महानगरपालिका यसमा उल्लेख नै छैन भन्ने यसमा आउन सक्छ यसकारण मेरो सुझाव छ नेपाल सरकारले उल्लेख गरे अनुसार स्थानीय तह सम्झनुपर्छ भन्ने मेरो सुझाव छ दोस्रो ८ र ९ मा जुन गम्भिर प्रकृतिको फौजदारि कसुरमा अदालतमा मुद्दा चलिरहेको ब्यक्ति हटाइएको छ मलाइ पनि लाग्छ यसमा कारण सहिरत हटाइएको हुनुपर्थ्यो यसमा कारण उल्लेख भएको छैन र तपाइको क्रम संख्या १० को १६ को १ ग र घ रेष्टुरा तथा रिसोर्ट ५००० रुपिया घ मा बारमा ५००० रुपिया हाम्रो सघबाट तोकेर आएको छ हाम्रो शंशोधनमा रेष्टरा तथा रिसोर्ट १०००० रुपिया र बार १०००० रुपिया यसमा उल्लेख भयको छ म यसमा के सुझाब दिन चाहान्छु भन्दा खेरि हाम्रो सुदुरपश्चिम प्रदेश मा होस चाहे देश भर हो मलाइ लाग्छ तपाइका रेष्टुरा र रिसोर्टहरु हुनसक्छन ठुला साना मझौला सहित हुन्छन त्यसकारणले मलाइ लाग्छ यो कार्यबिधुमा निर्दे शिका बर्गिकरण गर्दा उपयुक्त देखिन्छ भन्ने मलाइ लाग्छ धन्यबाद ।।

**माननीय सदस्यहरू,**

**म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि"बिधेयक "2077 ,माथि** दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित बिधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म ,बिधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि"बिधेयक "2077 ,**माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेशको पर्यटन सम्नबन्धमा ब्यवस्था गर्न बनेको बिधेयकमा छलफलमा भाग लिएर आफ्नो महत्वपुर्ण सुझाव सम्पुर्ण सदनको तर्फबाट पेश गर्नु हुने माननीय सदष्यहरुलाइ माननीय सभामुख मार्फत म हार्दिक धन्यबाद तथा आभार ब्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय यो बिधेयक पारित हुने प्रकृयामा छ र माननीय सदस्यहरुले उठायका गहन बिषयहरु कसरि बिधेयकको अंग बनाउन सकिने छन र केहि गम्भिर सुझावहरुलाइ मैले महत्वपुर्ण

ढङ्गले मैले हेरिरहेको छु र केहि झिना मसिना बिषयबस्तु र ऐन आउनु पर्ने ऐन मा नभएर कार्यक्रमा आउने बिषय बस्तु छन यो बिषयमा मेरो ध्यानाकर्षण भयको छ माननीय ज्यूहरुले जसरि महत्वपुर्ण सुझाब यो बिधेयकमा राख्नु भयको छ । यो बिधेयक कार्यान्वियन भैसकेपछि पनि हामी यलाइ समय सापेक्षीत ढङ्गले बस्तुगत बनाउने प्रयास हामि गर्ने छौ । मेरो मन्त्रालयले पनि त्यो प्रयास गर्ने छ त्यो सँग मेल खाने बिधेयक ऐन र कानुन त्यो बेलाको बस्तुगत सापेक्ष अनुसार नै आवश्यकता पर्छ भन्ने मैले ठानेको छु । फेरि पनि त्यो सापेक्षीत बनाउनको लागि यो सदन मै उपस्थित हुने छौं भन्ने कुराहरु राख्न चाहान्छु ।खास गरेर नेपालको संबिधानको धारा ५७ को उपधारा २ मा प्रदेशको एकलधिकार भित्र यो पर्यटन सम्बन्धि अधिकार हामीसँग छ त्यसैले हामीले यो बिधेयक बनायर ऐन कानुनको लगिसकपछि सुदुरपश्चिम भित्रको पर्यटनलाइ अगाडि बढाउनाको लागि माननीय ज्यूहरुले भनेको जस्तै हामी सबैलाइ सहज हुने छ भन्ने कुराहरु म राख्न चाहान्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" ,बिधेयक "2077 ,माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १) एक (देखि १) 8अठाह्र (सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई बिधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले ”हुन्छ“भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ”हुन्न“भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“भन्नुहोस् ।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु ”हुन्न“भन्नुहोस् ।

(हुन्न भनेपछि)

”हुन्न“भन्ने आवाज सुनिएन तसर्थ म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" बिधेयक , "2077माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १) एक (देखि १) 8अठाह्र (सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म ,बिधेयकका २ देखि 62 सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू ,सम्बन्धित उपदफाहरू तथा अनुसूची **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न सुदूरपश्चि"** सम्मका अनुसूचीहरु 13 देखी 1 **बनेकोबिधेयक"2077 ,** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले ”हुन्छ“भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ”हुन्न“भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“भन्नुहोस ।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु हुन्“न ”भन्नुहोस ।

(हुन्न भनेपछि)

”हुन्न“भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको २ देखि 62 सम्मका दफाहरू ,आनुसाङ्गिक अन्य दफाहरू ,सम्बन्धित उपदफाहरू तथा अनुसूची सम्मका अनुसूचीहरु 13 देखी 1सर्वसम्मतिले **म प्रदेश परसुदूरपश्चि"यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक**"2077 **,** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म ,बिधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना :सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण , विकास ,व्यवस्थापनएवं प्रवर्द्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक उन्नति गर्ने विषयलाई मध्यनजर राखी पर्यटकको स्वास्थ्य, सुविधा र हित सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको **नाम मसुदूरपश्चि"प्रदेश पर्यटन ऐन, २०७७** "रहेको छ ।
(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म ,बिधेयकको प्रस्तावना र नाम म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" बिधेयक "2077 ,को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले ”हुन्छ“भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ”हुन्न“भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“भन्नुहोस् ।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु ”हुन्न“भन्नुहोस् ।

हुन्न भन)ेपछि(

”हुन्न“भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको प्रस्तावना र नाम सर्वसम्मतिलेम प्रदेश पर्यटन सुदूरपश्चि" सम्बन्धमा व्यवस्था गर्न बनेकोबिधेयक "2077 ,को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म ,बिधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई **म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि"बिधेयक "2077** ,लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय **सुदुरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७७** लाइ सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को निय १२२ बमोजिम सभावाट पारित गरियोस भनि प्रस्ताव पेश गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म ,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले ”हुन्छ“भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले ”हुन्न“भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“भन्नुहोस् ।

(हुन्छ भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु ”हुन्न“भन्नुहोस् ।

(हुन्न भनेपछि)

”हुन्न“भन्ने आवाज सुनिएन तसर्थ म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि" बिधेयक , "2077 सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**म प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेकोसुदूरपश्चि"बिधेयक"2077** , माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७८ साल आषाढ १८ गते शुक्रबार बिहान ८:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।